# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चापाकोट नगरपालिका
## स्याङ्जा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## चापाकोट नगरपालिका

## स्याङ्जा

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

चापाकोट नगरपालिका

स्याङ्जा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

प.सं. २०८०।८१
च.नं. ३८

मिति : २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू,

चापाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

स्याङ्जा ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रु. २ करोड १५ लाख ४६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४१ लाख १६ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु. ११ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड १६ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.३५ लाख २५ हजार र पेश्की बाँकी रु.११ लाख १५ हजार समेत गरी यस वर्ष रु.१ करोड ७४ लाख ३० हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १२ करोड ५५ लाख ५४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१४ करोड २८ लाख ९१ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका

छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

चापाकोट नगरपालिका,

स्याङ्जा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| ४५ | ६७ | २१५४६ | ० | २६ | ४११६ | ४५ | ४१ | १७४३० | ११२६ | ३५२५ | ११६६४ | ० | ० | १५१८९ | | १११५ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चापाकोट नगरपालिका, स्याङ्जा | १२५५५४ | ० | ९३ | १२५४६१ | ० | १७४३० | १४२८९१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | ४७ | बढी ग्रेड रकम भुक्तानी | २२२९६४ |
| २ | ०७९।०८० | ४९ | आन्तरिक प्रशिक्षकलाई बढी भुक्तानी | ३४०० |
| ३ | ०७९।०८० | ५१ | क्यालेण्डर दाखिला र वितरणको भरपाई पेस | १४६१८५ |
| ४ | ०७९।०८० | ५४.१ | पदाधिकारीलाई दोहोरो अनुगमन सुविधा | ३०६०० |
| ५ | ०७९।०८० | ६० | प्रमाणित हाजिरी पेस गर्नुपर्ने | १३०००० |
| ६ | ०७९।०८० | ६३.२ | स्यानीटरी प्याड वितरणको प्रमाण | ९८३००० |
| ७ | ०७९।०८० | ६४ | विद्यालयको अनुगमन प्रतिवेदन | २६००००० |
| | चालु वर्षको जम्मा | | | ४११६१४९ |
| | गत विगत वर्षतर्फको | | | |
| १ | २०७७।७८ | | | ९२६६० |
| | गत विगत वर्षतर्फको जम्मा | | | ९२६६० |
| कुल जम्मा | | | | ४२०८८०९ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा रहेका छन् भने क्षेत्रफल १२१ वर्ग किलोमिटर तथा जनसंख्या २२ हजार ९६९ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१५ देखि २०८०।६।३० सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू

सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - एकीकृत आर्थिक विवरणमा उल्लेख भए अनुसारको रकमको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **आर्थिक विवरण -** पालिकाको एकीकृत आर्थिक विवरण अनुसूचीमा छ ।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १५,४९,४२,६०९।०० र उद्योग ग्राममा पूर्वाधार निर्माणको रु. ९,९७,९३८।०० समेत गरी रु. १५,५९,४०,५४७।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ८,८२,८६,४१७।०० मौज्दात रहेकोमा यो वर्ष रु. ५,४५,११,०१७।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३,३७,७५,४००।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ । सुत्र प्रणालीले बजेट अनुसार आम्दानी देखाउने तर निकासा बजेट बमोजिम नएको कारण बढी जिम्मेवारी देखिएको पालिकाले जनाएको छ ।

३.३ स्थानीय सरकार सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। पालिकाको विभिन्न खाताहरूको बैङ्क अनुसारको मौज्दात र श्रेस्ता अनुसारको मौज्दात निम्नानुसार फरक छ। बैङ्क हिसाब मिलान विवरण तयार गरी मिलान गर्नुपर्दछ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैङ्क अनुसार बाँकी | फरक रकम | फरक पर्नुको कारण |
|---|---|---|---|---|
| धरौटी खाता | ३८३०४४४.४० | ४१६८५५२.५५ | ३३८१०८.१५ | आ.व. २०७६।७७ भन्दा अगाडिको धरौटीको वास्तविक रकम श्रेष्तामा आम्दानी नबाधिएको कारण |

| | | | | |
|---|---|---|---|---|
| सञ्चितकोष खाता | ४१४९२९६७.१० | ४३८६०४५८.७१ | २३६७४९१.६४ | |
| विभाज्यकोष खाता | ० | २७३१४४८.३७ | २७३१४४८.३७ | आम्दानी बाँध्न बाँकी रहेको । |

४ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरेकोमा सो को पूर्ण रूपमा कार्यान्वयन भएको छैन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

- पालिकाले आ.व. २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,
- राजश्व सङ्कलन सम्बन्धमा सूचना प्रविधको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक योजना तयार गरे पनि सो को कार्यान्वयन अवस्था कमजोर रहेको,
- रणनीतिगत विषय, क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा नल्याएको,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क तयार गरे पनि लागत यकिन नभएको, केही आयोजनाहरूको मात्र DPR तयार भएको,
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य नभएको,
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक नगरेको,
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो नगरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,
- खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रमहरूको लागि अध्यक्षको तोक आदेशको आधारमा भुक्तानी गर्ने गरेको,
- अधिकांशमा भ्रमणपश्चात प्रतिवेदन समेत पेस भएको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ७० करोड ५४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

६ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र साँस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार २०३ वडागत र पालिकास्तरका १८६ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १८६ | १८ | ११ | १५७ |
| २. | वडास्तरीय | २०३ | १ | १ | २०१ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष

सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३७७ योजनामात्र कार्यान्वयन भई १२ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

८ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १४ वटा ऐन, २ वटा नियमावली, १५ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार थप कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

९ **चौमासिक पुँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च (रु. हजारमा) | चौमासिक खर्च (रु. हजारमा) | | | आषाढ महिनाको खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेस्रो | |
| पुँजीगत खर्चतर्फ | १८०४२० | ८२३० | ३०९१० | १४१२८० | ६७५२५ |
| प्रतिशत | | ४.५६ | १७.१३ | ७८.३१ | ३७.४३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८ करोड ४ लाख २० हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु. ८२ लाख ३० हजार (४.५६ प्रतिशत), दोस्रो चौमासिकमा रु. ३ करोड ९ लाख १० हजार (१७.१३ प्रतिशत) र तेस्रो चौमासिकमा रु. १४ करोड १२ लाख ८० (७८.३१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६ करोड ७५ लाख २५ हजार (३७.४३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ.व.२०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट (रु.) | खर्च (रु.) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५३७९२२० | १९४२२७४८ | ७६.५३ |

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | १७५१७३३६० | १०८४९१५०१ | ६१.९३ |
| ३ | सामाजिक विकास | ३५३५९४६२३ | ३३५१८१७८६ | ९४.७९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १९०६५९९७ | १४२६३०९४ | ७४.८१ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३२१९४८१७ | ९८५७९६६३ | ७४.५६ |
| **जम्मा** | | **७०५४०८०१७** | **५७५९३८७९५** | **८१.६४** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी अर्थात् ९४.७९ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटी अर्थात् ६१.९३ प्रतिशत खर्च गरेको छ।

११ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१२ **खर्च विश्लेषण -** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. १,३७,८४,८३३।५३ राजस्व बाँडफाँट र अनुदानबाट रु. ६२,२७,०८,८२४।९३ समेत रु. ६३,६४,९३,६५८।४६ आम्दानी भएकोमा चालुतर्फ रु.३९,५५,१९,११०।८६ र पुँजीगततर्फ रु.१८,०४,१९,६८४।८६ गरी जम्मा रु. ५७,५९,३८,७९५।७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु. १,२९,७८,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको ९४.१५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६८.६७ प्रतिशत चालु र ३१.३३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न सङ्घ संस्था, समूह, क्लव लगायतलाई

कार्यक्रम र प्रस्तावको आधारमा पुंजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो । यसको उदाहरण निम्नानुसार छ।

| भौचर नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम (रु.) |
|---|---|---|---|
| १०१ | श्री वि लभ पिपल | दन्त शिविर सञ्चालन | २००००० |
| १०३ | चापाकोट बजार व्यवस्थापन समिति | खुल्ला सडक महोत्सव | ३००००० |
| १०४ | सिर्जनशिल दलित समूह | भाँडा खरिद | ५०००० |
| १२५ | श्री कालीगण्डकी तिर्थ क्षेत्र नेपाल | गंगा आरतिको छ्याङ्कन | १५०००० |
| १५७ | खेलकुद विकास समिति चापाकोट | खेलकुद कार्यक्रम | १००००० |
| १५८ | चक्रदेवी आमा समूह | भाँडा खरिद | ९०४८० |
|  | जिल्ला खेलकुद विकास समिति | खेलकुद कार्यक्रम सञ्चालन | ३००००० |
| १६९ | प्रतिभाव परियार | सम्मेलन | २०००० |
| १७९ | कृष्ण आमा समूह तल्लो घुर्लीचौर | भाँडा तथा फर्निचर खरिद | २५०००० |
| १८४ | नाम्लेखोला फट्टिके समूह | भाँडा खरिद | ५०००० |
| १९७ | खासा आमा समूह | भाँडा खरिद | २००००० |
| २११ | वि लभ पिपल | राष्ट्रिय झण्डा | ३६००० |
| २५१ | एम एच कृषि तथा पशुपंक्षी फर्म | बाख्रा खरिद | १००००० |
| २५४ | दामाचौर यूवा क्लव | खेलकुद कार्यक्रम | ३५००० |
| २५५ | सामुदायिक उपभोक्ता महासङ्घ | अधिवेशन सञ्चालन | ५०००० |
| २६५ | चापाकोट जनजाति उत्थान मन्च | लाखेजात्रा लगायत | १००००० |
| २९८ | फत्तिके नाम्लीखोला समाज | भाँडा तथा फर्निचर खरिद | २४०००० |
| ३१४ | अहेरीडाँडा भजन समूह | बाध्यबाधनका सामान | २००००० |
| ३१५ | सृजनशिल युवा क्लब | नवदुर्गा पुजा | ५०००० |
| ३२८ | चापाकोट भु प चोक क्लव | फुटबल प्रतियोगिता | ३०००० |
| ३२९ | चापाकोट जनजाती सङ्घ | बङ्गुर खरिद | ५००००० |
| ३४१ | शितलटार आमा समूह | भाँडा खरिद | १००००० |
| ३४६ | चापाकोट भलिवल सङ्घ | खेलकुद कार्यक्रम | ७००२० |
| ३५१ | नेपाल राष्ट्रिय मगर सङ्घ | रक्तदान कार्यक्रम | ५०००० |

| | | | |
|---|---|---|---|
| ३६२ | फुटबल प्रशिक्षण कार्यक्रम | प्रशिक्षण | १००००० |
| ३६६ | निम्वार्क निकुन्ज मन्दिर | भजन कृतको लागि सामाग्री खरिद | ४३५०५ |
| ३७६ | चापाकोट बजार व्यवस्थापन समिति | नयाँ वर्ष बिशेष सास्कृतिक तथा सडक महोत्सव | ३००००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१४ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको भएपनि वार्षिक बजेट र वार्षिक विकास कार्यक्रम बीच तादाम्यता छैन । आवधिक योजना बमोजिम वार्षिक विकास कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।

१५ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८ करोड ८९ लाख ७४ हजार पुँजीगत खर्च/खरिद/निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा प्रोफाईल, नगर विकास गुरुयोजना बनाएकोमा बजेट तथा कार्यक्रमसँग तादाम्यता देखिदैन। स्थानीय तथ्याङ्क तथा स्रोत नक्साङ्कन अनुसार बजेट निर्माण तथा कार्यान्वयन गर्नुपर्दछ।

१७ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको ४४ गरी कुल ५४ विवाद दर्ता भएकोमा ३१ वटा मात्र फछ्र्यौट भई २३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. २,००,००,०००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,३७,८४,८३३।५३ अर्थात अनुमान भन्दा ३१.०७ प्रतिशत कमी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यथार्थपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१९ **अवण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्नानुसार शिर्षकमा रु. २,०९,५०,२३६।०० अवण्डा बजेट व्यवस्था गरी पालिका प्रमुखको तोक आदेशमा निम्नानुसार रु. १,८२,७८,००४।०० खर्च गरेको छ। अवण्डा बजेटबाट अधिकांश अनुत्पादक तथा वितरणमुखी काममा खर्च भएको छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ अवण्डा बजेट राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| शिर्षक | बजेट (रु.) | खर्च (रु.) |
|---|---|---|
| असहाय अनाथ विपन्न नागरिक सहायता कार्यक्रम | १०००००० | ८५३८२० |
| न्यून आय भएको व्यक्तिलाई पुनरुत्थान कार्यक्रम | १३११२०० | ७८१५४६ |
| विपद व्यवस्थापन राहत उद्दार कोष | २८५५८०० | २८५५८०० |
| आर्थिक सहायता कार्यक्रम | ४३८७०० | ४३८७०० |
| विपन्न नागरिक सहायता कार्यक्रम | २०००००० | ११०८९१२ |
| उप- प्रमुख स्तरीय कार्यक्रम | २३३०८९३ | २३३०८९३ |
| मागमा आधारित कार्यक्रम | ६३२२७२३ | ६१९२४७७ |
| सिंचाइ कार्यक्रम | १०९०९२० | १०९०९२० |
| कृषि तथा पशुपंक्षी विकास कार्यक्रम | ३६००००० | २६२४९३६ |
| जम्मा | २०९५०२३६ | १८२७८००४ |

२० **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। रु. २५ हजारदेखि रु. १० लाख सम्म सहयोग गर्न सकिने कार्यविधि बनाएकोमा पालिकाले यो वर्ष विभिन्न १२८ व्यक्तिहरूलाई रु. ३५ लाख २ हजार आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १ करोड ३७ लाख ८४ हजारको २५ प्रतिशत हुन आउँछ । आन्तरिक आय समेतलाई विचार गरी आर्थिक सहायता खर्चमा कम गर्नु पर्दछ।

२१ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

२२ **सेवाप्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा स्थानीय तह तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाले यस वर्ष जन्मदर्ता १ हजार २९ वटा, मृत्युदर्ता २६४ वटा, नाता प्रमाणित ७०९ वटा, बसाइसराई १५३, नागरिकता सिफारिस १ हजार ९९ वटा, घरबाटो सिफारिस २३० वटा दर्ता तथा सिफारिस लगायतका सेवा प्रवाह गरेको छ।

२३ **नक्सा पास -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ। यस पालिकाबाट आ.व. २०७९।८० मा नयाँ घर नक्सा पासको लागि पेश भएको ३४ वटा निवेदन मध्ये १३ वटा अस्थायी अनुमति दिएको छ भने, विगत वर्षमा अनुमति लिएको मध्येबाट १० वटा र यो वर्ष अनुमति लिएको मध्ये ५ गरी जम्मा १५ वटा निर्माण सम्पन्न प्रमाण पत्र दिएको छ। अन्य पालिकाहरूको असल अभ्यासहरूलाई अनुसरण गरी नक्सापास तथा सोको अभिलेख व्यवस्थापनलाई व्यवस्थित बनाउनुपर्दछ।

२४ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको सुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२५ **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

२६ **आय ठेक्का व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ११ मा पालिकाले आन्तरिक स्रोत अभिवृद्धि गर्न पालिका भित्रको आन्तरिक स्रोतहरूको अधिकतम परिचालन गर्नुपर्दछ। पालिकाले वातावरणीय प्रभाव मूल्याङ्कन गरेको निम्नानुसार घाटहरूबाट वार्षिक निम्नानुसार परिमाणमा ढुङ्गा, गिट्टि तथा बालुवा उत्खनन् गर्न सकिने गरी सिमा निर्धारण गरेको छ। पालिकाले सोही आधारमा ठेक्का प्रक्रियाबाट निम्नानुसार फर्महरूसँग सम्झौता गरी आय ठेक्का लगाएको छ। ठेकेदारहरूले सम्झौता अनुसार ढुंङ्गा, गिट्टि तथा बालुवा उत्खनन् गरेको उल्लेख गरेपनि पालिकाले अधिकतम उत्खनन् परिमाण भित्र रहेर उत्खनन् भए नभएको सम्बन्धमा यकिन गर्न आन्तरिक नियन्त्रण प्रणाली निर्माण, आवश्यक अनुगमन तथा मूल्याङ्कन, सम्झौता गर्ने फर्महरूलाई जिम्मेवार बनाउने काम गरेको छैन। यसबाट बढी परिमाणमा ढुङ्गा,गिट्टि बालुवा उत्खनन् भई वातावरणीय प्रभाव पर्ने देखिन्छ। बातावरणीय प्रभाव

मूल्याङ्कनबाट कायम भएको अधिकतम उत्खनन् परिमाणको सिमा भित्र रहेर मात्र उत्खनन् गर्ने व्यवस्था गर्नुपर्दछ।

| क्र.सं. | ठेक्काको विवरण | बातावरणीय प्रभाव मूल्याङ्कन अनुसार उत्खनन् गर्न सकिने परिमाण | ठेक्का सम्झौतामा उल्लेखित परिमाण | सम्झौता रकम/असूली रकम (रु.) | उत्खनन् परिमाण |
|---|---|---|---|---|---|
| १ | सिम घाट | २९९ | २९९ | ८३८५९.३४ | २९९ |
| २ | काम्ति घाट | ३७१.३० | ३७१.३० | १०४२४८.८६ | ३७१.३० |
| ३ | दार्सिङ घाट | २०७ | २०७ | ५८४३४.९२ | २०७ |
| ४ | छिते घाट | ४११.३० | ४११.३० | ११५७३३.१० | ४११.३० |
| ५ | आँधि घाट | २०५८ | २०५८ | ५७७१९९.०२ | २०५८.०० |
| ६ | सोल्टि घाट | ४४०.५० | ४४०.५० | १२३६५८.८६ | ४४०.५० |
| ७ | दामाचौर दोभान ज्याग्दी घाट | ४६५५.१७ | ४६५५.१७ | १३०४५६४.५२ | ४६५५.२० |
| ८ | मुकुन्दे घाट | १०६३.६० | १०६३.६० | ३००४५५.७० | १०६३.६० |
| जम्मा | | | | २६६८१५४.३२ | |

२७ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२८ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२९ **न्यून लागत सहभागिता -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक

नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सञ्चालन गरेको ५० प्रतिशत लागत सहभागितामा आधारित कृषि अनुदान कार्यक्रममा अनुदानग्राहीले ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने हुन्छ । नमुना छनौटको आधारमा निम्नानुसार कृषि फर्महरूले गरेको खर्च र पालिकाबाट भुक्तानी भएको रकम तुलना गर्दा खर्च रकमको ५० प्रतिशत लागत सहभागिता पुगेको छैन । खर्च रकमको ५० प्रतिशत भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएकोले पालिकालाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित फर्मबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | काम | अनुदान लिनेको नाम | खर्च रकम | बिल रकम | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|
| २३० | बोका तथा बाखा खरिद | कालिका बहुउद्देश्यीय फर्म | ३०००० | ३३००० | १६५०० | १३५०० |
| ४६० | बोका बाखा खोर तथा मकै खरिद | विष्णु कृषि तथा पशुपंक्षी फर्म | ५०००० | ५९१३६ | २९५६८ | २०४३२ |
| ५२६ | श्री सफल बहुउद्देश्यीय पशुपंक्षी पालन फर्म स्तरोन्नती | श्री सफल बहुउद्देश्यीय पशुपंक्षी पालन फर्म | ५०००० | ८४७०० | ४२३५० | ७६५० |
| ५६२ | बाखा पालन विस्तार व्यवस्थापन तथा उन्नत जातको बाखापालन | प्रगती बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | ५०००० | ९०००० | ४५००० | ५००० |
| ५८६ | बाखा खरिद कार्य | जिमिना बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म | ५०००० | ९०००० | ४५००० | ५००० |
| जम्मा | | | | | | ५१५८२ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ५१,५८२ |

३० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । वडहरेदेखि दार्सिङ (ठेक्का नं. ०२/CM/NCB/WORKS/२०७९/८०) को दोस्रो तथा अन्तिम बिल भुक्तानी गर्दा चेनेज दोहोऱ्याएर निम्नानुसार आईटममा निम्नानुसार दोहोरो भुक्तानी भएको छ । यसबाट पालिकालाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धित निर्माण व्यवसायी श्री एस. आर.एस मल्ल कन्स्ट्रक्सनबाट असूल गर्नुपर्ने रु.

| Item NO | Work | Quantity | Rate | Amount |
|---|---|---|---|---|
| B५ | Earth Work Exacavation | २२.३६ | ९० | २०१२ |
| B६ | Stone Filling on Foundation | ७.९९ | १००० | ७९९० |

| | | | | |
|---|---|---|---|---|
| B७ | PCC (१:२:४) | ६.३९ | ७५०० | ४७९२५ |
| B१० | Plum Concrete | १६.९८ | ७००० | ११८८६० |
| | जम्मा | | | १७६७८७ |
| | मुल्य अभिवृद्धि कर | | | २२९८२ |
| **कुल जम्मा** | | | | **१९९७७०** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,९९,७७० |

३१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने उल्लेख छ । पालिकाले निर्माण व्यवसायी, कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई रु. ८६,३५,०००।०० बाँकी रहेको छ । बाँकी मध्ये कर्मचारी श्री बिनोद नेपाली र सोभित थापाको पेश्की गत विगतदेखि नै फछ्यौट नभई बाँकी रहेको देखिन्छ । समयमा पेश्की फछ्यौट नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्ने दखिन्छ । कुल पेश्कीमध्ये आर्थिक वर्ष २०७९।८० मा दिएको उपभोक्ता समितितर्फ रु.८,१०,०००।०० र कर्मचारीतर्फ रु. ३,०५,०००।०० गरी जम्मा रु. ११,१५,०००।०० फछ्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम | चालु आ. व. | गत आ. व.सम्मको | जम्मा बाँकी पेश्की | |
|---|---|---|---|---|---|
| | | म्याद ननाघेको रकम | म्याद ननाघेको रकम | म्याद ननाघेको | जम्मा |
| | ठेकेदार | | | | |
| गत वर्ष | जिएसआर। वि.जि. जे भी | | २९००००० | २९००००० | २९००००० |
| २०/२०८०/१/५ | बि.एम.ए / माछापुच्छ्रे जे.भी | २०००००० | | २०००००० | २०००००० |
| ३०/२०८०/२/२६ | बि.एम.ए / माछापुच्छ्रे जे.भी | १९४०००० | | १९४०००० | १९४०००० |
| | जम्मा | ३९४०००० | २९००००० | ६८४०००० | ६८४०००० |
| | उपभोक्ता समिति | | | | |
| गत वर्ष | चापाकोट क्रिकेट कप समिति | | ९०००० | ९०००० | ९०००० |
| २४/०४/२०७९ | छितेखोला कल्भर्ट निर्माण समिति | ६००००० | | ६००००० | ६००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| गत वर्ष | जी.एम. मुभिज प्रोडक्सन प्रा.लि. | | १२०००० | १२०००० | १२०००० |
| गत वर्ष | समसुदिन मिया | | ७०००० | ७०००० | ७०००० |
| १५३/ २०७९/१२/२२ | मुल्याहा सारीघाट कृषि सडक निर्माण | २१०००० | | २१०००० | २१०००० |
| | जम्मा | ८१०००० | २८०००० | १०९०००० | १०९०००० |
| | व्यक्तिगत | | | | |
| ४२/२०७९/४/२४ | यम प्रसाद लूइटेल | २०००० | | २०००० | २०००० |
| ४२/२०७९/४/२४ | विनोद कूमार वाग्ले | ८५००० | | ८५००० | ८५००० |
| गत वर्ष | विनोद नेपाली | | २००००० | २००००० | २००००० |
| गत वर्ष | सोवित थापा | | २००००० | २००००० | २००००० |
| २२७/ २०७९/११/२८ | भानुभक्त नेपाली | २००००० | | २००००० | २००००० |
| | जम्मा | ३०५००० | ४००००० | ७०५००० | ७०५००० |
| **कुल जम्मा** | | **१११५०००** | | | **८६३५०००** |

| | |
|---|---|
| पेश्की | ११,१५,००० |

३२ **बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। विपद् व्यवस्थापन कोष सञ्चालन समिति, वडा नं. ७ ले निम्नानुसार HDPE पाईप खरिद गर्दा जिल्ला दररेट भन्दा बढी दरमा खरिद गरेको छ । यसबाट पालिकालाई बढी व्ययभार परेको छ । बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| S.N | Item | Quantity | As Per Bill | | As Per district rate | | Rate Difference | Amount Difference |
|---|---|---|---|---|---|---|---|---|
| | | | Rate | Amount | Rate | Amount | | |
| १ | HDPE Pipe २० mm | २६०० | ४५.२ | ११७५२० | ३७.८५५ | ९८४२३ | ७.३४५ | १९०९७ |
| २ | HDPE Pipe ३२ mm PN६ | ९०० | ७५.०३२ | ६७५२९ | ६३.८४५ | ५७४६१ | ११.१८७ | १००६८ |
| **Total** | | | | | | | | २९१६५ |

| | |
|---|---|
| असूल गर्नुपर्ने | २९,१६५ |

३३ **बङ्गुर खरिद -** पालिकाले चापाकोट जनजाति सङ्घसँग सम्झौता गरी ५० प्रतिशत लागत साझेदारीमा ५० जनालाई २ वटाको दरले बङ्गुरको पाठा वितरण गरेको छ । सङ्घले संगम कृषि तथा पशुपालन सहकारी संस्था लि. चापाकोट नगरपालिका ४ बाट प्रति गोटा रु. १०,०००।०० को दरले खरिद गरेको बिल पेस गरेको छ । पालिकाको आफ्नै कृषि शाखा हुँदाहुँदै बाह्य संस्था मार्फत काम गराउनु उचित देखिएन । एउटै फर्मबाट १०० वटा बङ्गुरको पाठा खरिद गरेको संख्या समेत अस्वभाविक देखिन्छ । श्रेस्ता परीक्षण गर्दा अन्य बङ्गुरको पाठा खरिदमा अधिकतम रु. ६,०००।०० मा खरिद गरेको बिलहरू पेश भएकोमा सङ्घले रु. १०,०००।०० को बिल पेस गरेकोले खरिदमा मितव्ययिता अपनाएको देखिएन । औषत खरिद मुल्य भन्दा बढी दरमा खरिद गरेकोले प्रति गोटा रु. ४,०००।०० को दरले ५० वटाको रु. २,००,०००।०० बढी खर्च भएको देखिन्छ । पालिकाबाट ५० प्रतिशत भुक्तानी भएकोले सम्बन्धित सङ्घबाट असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,००,००० |

३४ **न्यून बिजकीकरण -** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार दररेट निर्धाण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत गराएको निम्नानुसार काममा सिमेन्टको जिल्ला दररेट रु. ७२० को आधारमा दररेट विश्लेषण गरी सोही अनुसार भुक्तानी भएको छ । तर उपभोक्ता समितिबाट जिल्ला दररेट भन्दा कम दरमा सिमेन्ट खरिदको बिल पेश गरेकोले निम्नानुसार रकम भ्याट बापत बढी भुक्तानि भएको छ । जिल्ला दररेटको आधारमा भ्याट रकम भुक्तानी हुँदा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | योजनाको नाम | इकाई | खपद परिमाण | भुक्तानी दर | खरिद दर | फरक दर | भुक्तानी | मु अ कर |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | श्री जन कल्याण मावी | बोरा | ११३२ | ६७० | ४७५ | १९५ | २२०७४० | २८६९६ |
| ४५ | दीन दयालु आ वि | बोरा | ५६८ | ६७० | ४१० | २६० | १४७६८० | १९१९८ |
| **जम्मा** | | | | | | | | **४७८९४** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ४७,८९४ |

३५ **मेयर कप -** सरकारी रकम खर्च गर्दा मितव्ययी तवरले गर्नु पर्दछ । पालिकाले चापाकोट नगर खेलकुद विकास समिति मार्फत मेयर कप सञ्चालन गरेको छ । कार्यक्रम सञ्चालनको लागि पुरस्कारमा रु. ५,१२,२६५।००, मायाको चिनोमा रु. १९,५५९।००, खानामा रु. ६,३०,३०२।००, खेलकुद सामाग्रीमा रु. ७,०२,३४५।००, अन्य विविधमा रु. १,३५,५२९।०० गरी जम्मा रु. २०,००,०००।०० खर्च भएको छ । उक्त शिर्षकमा रु. १० लाख बजेट बिनियोजन भएकोमा मिति २०७९।७।१२ को कार्यपालिका बैठकको निर्णय अनुसार खानेपानी मर्मत शिर्षकबाट रु. ६ लाख, सिप विकास तालिम कार्यक्रमबाट रु. २ लाख र मर्मत सम्भार शिर्षकबाट रु. २ लाख रकमान्तर गरी रु. २० लाख बजेट व्यवस्था गरेको पाईयो । पालिकाले आफै कार्यक्रम सञ्चालन गर्नुपर्नेमा नगर

खेलकुद विकास समितिलाई कार्यक्रम सञ्चालन गर्न दिएको देखिन्छ । बजेटको सिमा भित्र रहेर मितव्ययी तरिकाले कार्यक्रम नगरपालिका आफैले सञ्चालन गर्नुपर्दछ ।

३६ **कृषि तथा पशुमा अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन बनाउनुपर्दछ।साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरेर मात्र वितरण गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कार्यक्रम देहाय अनुसार छः

३६.१

| भौचर नं. | विवरण | अनुदान रकम |
|---|---|---|
| ८६ | ५० % अनुदानमा उन्नत विउ आलु वितरण कार्यक्रम | १२२५०० |
| ११४ | ५० % अनुदानमा उन्नत विउ आलु वितरण पकेट कार्यक्रम | १४०००० |
| ३६२ | ५० % अनुदानमा मिनिटिलर वितरण कार्यक्रम | ४०१५०० |
| २५६ | ५० % अनुदानमा धानको उन्नत विउ वितरण कार्यक्रम | ७२४२९० |
| ३०५ | ५० % अनुदानमा कृषि सामाग्री वितरण कार्यक्रम | २७२५५० |

३६.२ अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन। अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठूला अनुदानका कार्यक्रम सञ्चालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (सङ्घ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकीन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

३६.३ कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो। एक सरकारले ल्याएको नीतिलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

३६.४ अनुदानमा कृषि सामाग्री वितरण सम्वन्धी कार्यविधि, २०७७ अनुसार ५० % अनुदान अन्तर्गत वडा नं. १ स्थित सरस्वती माता सहकारी संस्था लि. ले कृषि सामाग्री वितरणका लागि रु. ३,००,०००।०० भुक्तानी लिएकोमा कार्यसम्पन्न नै कुल रु. ३,००,०००।०० को गरेको देखिएकोले ५०% रकम बढी भुक्तानी भएको देखिन्छ। ईक्विपमेन्ट बापतको कुल रु. २,८८,०००।०० मा ५० % हुन आउने उक्त बढी भुक्तानी बापतको रकम सम्बन्धित सहकारीबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | १,४४,००० |

३७ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरूमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १० निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५९ जनालाई रोजगारी उपलब्ध गराई कुल ज्याला रु. ३६ लाख १ हजार ३८२ खर्च गरेको छ। लक्षित वर्गलाई औषत ९३ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएता पनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिंदैन।

३८ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य तर्फका ७३ कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी कुल रु. ३,६२,३६,९१९।०० तलब खर्च लेखेको पाईयो। तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

३९ **सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहाएका व्यक्तिको मृत्युपश्चात पनि भत्ता निकासा गरेको र वैङ्कले पठाएको फिर्ताको विवरणमा पनि फिर्ता नभई जम्मा भएको देखिएकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी सङ्घीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| वडा नं | नाम | किसिम | लगत कट्टा मिति | कुल भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १० | डिल वहादुर रिङ्जाली | अ. ना. ज्ये. | २०७९।५।३१ | १२,००० | ४,००० |
| २ | डिल माया मानन्धर | अ. ना. ज्ये. | २०७९।७।२८ | १२,००० | ८,००० |
| **जम्मा** | | | | | **१२,०००।००** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | १२,००० |

४० **औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। स्थानीय तहले विभिन्न फर्महरूबाट रु. १६ लाख ८७ हजार २७४ को औषधी ईपिजिद्धारा खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छन्:

- आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड्ड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,

- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको,
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू LMIS मा प्रविष्टी गरी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| गो.भौ.नं र मिति | आपूर्तिकर्ता | खरिद विधि | रकम (रु.) |
|---|---|---|---|
| २३४।२०८०।३।१० | चिराग फार्मेसि प्रा. ली. | ईजिपि | ४,८६,१६८ |
| ८४।२०७९।११।१२ | चिराग फार्मेसि प्रा. ली. | ईजिपि | ८,८८,८३२ |
| ४७७।२०८०।३।१० | चिराग फार्मेसि प्रा. ली. | ईजिपि | ३,१२,२७४ |
| **जम्मा** | | | **१६,८७,२७४** |

४१ **सामुदायिक वनबाट रकम प्राप्त नभएको -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित स्थानीयतहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निम्नानुसार सामुदायिक वनबाट वन पैदावरको विक्री बापत रु. ३३,६५,११७।०० आम्दानी गरेकोमा सोको १० प्रतिशतले हुने रकम रु. ३,३६,५१२।०० स्थानीय सञ्चित कोषमा दाखिला गरेको छैन। सामुदायिक वनको आम्दानीबाट पालिकाले प्राप्त गर्नुपर्ने अंश स्वतः जम्मा गर्नुपर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली विकास नभएको कारण पालिकाले रकम प्राप्त नगरेको देखिन्छ। आगामी दिनको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गर्नुपर्दछ। साथै सम्बन्धित सामुदायिक वन उपभोक्ता समितबाट असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नपर्ने रु.

| सामुदायिक वनको नाम | वनपैदारवार विक्रिबाट प्राप्त रकम | १०% ले हुने रकम |
|---|---|---|
| गहते सामुदायिक वन, वडा नं. ६ | १०२१९६८ | १०२१९७ |
| सोहर्दी साघुखोला सामुदायिक बन, वडा नं. ७ | १३७११३८ | १३७११४ |
| डुम्रीडाँडा सामुदायिक वन, वडा नं. ६ | ९७२०११ | ९७२०१ |
| **जम्मा** | **३३६५११७** | **३३६५१२** |
| | असूल गर्नुपर्ने | ३,३६,५१२ |

४२ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व. को बाँकी के कति छन्, एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

४३ **व्यवसाय कर** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु. ७,६७,०२५।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४४ **राजश्व बाँडफाँट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को साविकको दफा ६४ मा ढुङ्गा, गिट्टी र बालुवाबाट सङ्कलन गरिने कर प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा रहने र सोको दर प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गरी प्रदेश कानुन अनुसार बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । तर उक्त ऐनको सो दफा खारेज भई ६२ (क) थप गरी ढुङ्गा, गिट्टी र बालुवा बिक्रीबाट प्राप्त रकम स्थानीय सञ्चितकोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहको एकल अधिकार कायम गरेको तर सोही अनुरूप प्रदेश कानुन संशोधन नगरेको कारणले सो करबाट संकलित राजश्व बाँडफाँटमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा विपरीत हुनेगरी सङ्घीय मन्त्रिपरिषद्ले ढुङ्गा, गिट्टी र बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी उक्त कर प्रदेश र स्थानीय तहको साझा अधिकार कायम गरेको देखिएबाट थप अस्पष्टता सिर्जना गरेको छ । यो वर्ष पालिकाले यो वर्ष ढुङ्गा, गिट्टी र बालुवा बिक्री बापत रु. २६,६८,१५४।३२ सङ्कलन गरेकोमा बाँडफाँट गरेको छैन । राजश्व बाँडफाँट सम्बन्धी कानुन तर्जुमा गर्दा सङ्घीय कानुनसँग नबाझिने गरी तयार गर्नुपर्दछ । साथै स्पष्ट कानुनी व्यवस्था गरी प्रकृतिक स्रोतको उपयोग गर्नुपर्दछ ।

४५ **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छः

| आय शीर्षक | अनुमान | असूली | असूली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २५००००० | १६८३७५८ | ६७.३४ |
| घरजग्गा वहाल कर | ५००००० | ६९५७८१।६ | १३९.१६ |
| व्यवसाय कर | १०००००० | ७६७०२५ | ७६.७० |

| | | | |
|---|---|---|---|
| अन्य सेवा शुल्क तथा बिक्री | १००००००० | ६०५१३१६।३ | ६०.५१ |
| अन्य स्रोतबाट प्राप्त रोयल्टी (रजिष्ट्रेशन दस्तुर समेत) | ३००००० | २०५८६४७।८८ | ६८६.२२ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४६ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८१४८३८५८ | १३७८४८३३.५३ | २.८६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **आन्तरिक लेखापरीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले आ.व. २०७९।८० को आर्थिक कारोबारको चौमासिक रूपमा नगरी वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौट गर्नुपर्नेमा हालसम्म पालिकाले फछ्यौंट गरेको छैन । उक्त प्रतिवेदनमा उल्लेख भएबमोजिम नेपाल स्वास्थ्य सेवा नियमावलीको दफा ५६ को १ मा स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्टमा हप्तामा चालिस घण्टा भन्दा बढी काम गर्नुपर्ने कर्मचारीहरूलाइ बढी समय काम गरे बापत अतिरिक्त सेवा बिदा पाउनेछन र त्यो बिदा अर्को तीन महिना भित्रमा पालो मिलाई बस्न सक्नेछन । तर अतिरिक्त सेवा बिदाको अभिलेख सम्बन्धित कार्यालय प्रमुख (लेखा उत्तरदायी अधिकृत)बाट प्रमाणित गराइएको देखिएन र अतिरिक्त समय एकिन गर्ने आधार भएन । सङ्घीय सरकार शशर्त अनुदान चालुको गो. भौ. नं. ३४२ मा तपसिलमा उल्लेखित कर्मचारीहरूलाई भुक्तानी दिंदा सहायक पाँचौंको स्केल ११५८ र सहायक चौथौंको स्केल १०९७ मा दिनुपर्नेमा सहायक पाँचौं र चौथौलाई समेत अधिकृत स्तरको स्केल अनुसार भुक्तानी दिइएकोले बढी भएको भुक्तानी अनुसूचीमा उल्लेख भए बमोजिम सम्बन्धितबाट असूलउपर गरी सङ्घीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रु.

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० को निर्णयानुसार मनाकान्ती श्रेष्ठ को रु.५९६,संजय डोटेल को रु.१५,४९६,पुष्पा कुमारी राना को रु.१,०७७,नितेश गुप्ता को रु.२५,०३२, सन्दिप टमटा को रु.१७,९५०, आरति भट्टराई को रु.२५,१३०,सबिना आचार्य***

*को रु.१७,९५०,खुश्बु कु. यादब को रु.९,३३४, आरति गहतराज को रु.९,२३८, कुबिजा शर्मा को रु.५,३८५, मनिता बस्ताकोटी को रु.४,४७०, बसन्ती सुन्दौली को रु.५,०६६, बिक्रम तिवारी को रु.२१,५६०, ललन प्रसाद कुशवाहा को रु.२१,५६०, अर्जुन पाण्डे को रु.२१,५६० र सुमन खनिया को रु.२१,५६० गरी जम्मा रु.२,२२,९६४ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असूल गर्नुपर्ने | ४५,५७५ |

**(विस्तृत विवरण बेरूजु दफा ४७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४८ **राजस्व रकम समयमा दाखिला नभएको -** गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन,२०७४ को दफा २३ मा प्रचलित कनुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सरकारी कारोवार गर्ने बैङ्कमा सोही दिन वा कावु वाहिरको परिस्थिति परी सोही दिन दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ। स्रेस्ताहरूको नमुना परीक्षण गर्दा निम्न वडाहरूले टाढा भएको कारण मासिक रूपमा अन्तमा एकमुष्ठ राजश्व वैंक दाखिला गर्नुपर्नेमा त्रैमासिक तथा चौमासिक रूपमा एकमुष्ठ दाखिला गरेकोले पालिकाले उक्त वडालाई उल्लेखित तालिका अनुसारको हिसाब किताब गरी कानुन बमोजिमको जरिवाना लगाई हुन आउने रकम असूल गरी राजश्व प्रणालीलाई व्यवस्थित गर्न जोड दिनुपर्दछ।

| वडा नं. | महिना | कुल राजश्व | एकमुष्ठ दाखिला मिति |
|---|---|---|---|
| ३ | श्रावण, भाद्र, असोज | १३६८१२ | २०७९।७।४ |
| | कार्तिक, मंसिर | ६२३१० | २०७९।९।१० |
| | पौष | ३७६१० | २०७९।११।१७ |
| २ | कार्तिक | ४३५५७ | २०७९।९।७ |
| १ | पौष | ३४१४५ | २०७९।११।१४ |
| ५ | श्रावण | ४३२५० | २०७९।६।६ |
| १० | श्रावण | ५९७९५ | २०७९।५।२५ |
| ४ | असोज | ६०७६५ | २०७९।९।११ |
| | भाद्र | ४४०८९ | २०७९।७।२७ |

४९ **प्रशिक्षक भत्ता -** गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को अनुसूची १ मा स्थानीय स्तरमा आन्तरिक प्रशिक्षकलाई प्रति कक्षा बापत रु. १,०००।०० का दरले दिन मिल्ने व्यवस्था रहेकोमा पालिकाले विभिन्न कार्यक्रममा मापदण्ड विपरित आन्तरिक प्रशिक्षकलाई बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असूल हुनुपर्ने रु.

| कर्मचारीको नाम | पद | दिन | कार्यक्रम | हुनुपर्ने दर | भुक्तानी दर | बढी भुक्तानी (कर वाहेक) |
|---|---|---|---|---|---|---|
| प्रविन पौडेल | रोजगार साहयक | १० | रोजगार सम्बन्धी अभिमुखिकरण | १,००० | १,४०० | ३,४०० |
| जम्मा | | | | | | ३,४००।०० |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा प्रेम नारायण रेग्मी को रु.३,४०० सम्परीक्षण गरिएको।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३,४०० |

५० **जिन्सी दाखिला नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। वडा नं ४ ले मिति २०८०।३।२१ को विल अनुसार डेल ल्यापटप आई. थ्रि. १ परिणाम रु. ५१,३२७।०० र क्यानन थ्रि ईन वान १ थान प्रिन्टर रु. २७,१०७।०० मा खरिद गरी भुक्तानी दिएकोमा वडामै दाखिला गरी पालिकामा दाखिला नगरेको पाईयो। पालिकामा दाखिला हुनपर्ने (भ्याट सहितको) रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,५०० |

५१ **प्रमाण कागजात पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको खर्चमा सो खर्च पुष्टि हुने बिल भरपाई,कागज पेस भएको छैन । खर्चको पुष्टि हुने बिल भरपाई, कागज संलग्न नहुँदा कार्यालयसँग सम्बन्धित कार्यमा खर्च भएकोमा विश्वस्त हुन सकिदैन । खर्चको पुष्टि हुने बिल भरपाई, कागज पेस नभएकोले सो पेस गर्नुपर्ने रु.

| भौचर नं | पेस गर्नुपर्ने कागजात | रकम (रु.) |
|---|---|---|
| २५ | ५५ औं अन्तराष्ट्रिय साक्षरता दिवसमा नगद पुरस्कार वितरण भएको भरपाई | ९०,००० |
| २१९ | बिसौनी होटल एण्ड लजको बिल नं.४७ को प्रतिलिपि पेस भएकोले सोको सक्कल बिल | १०,५२० |
| ५४२, | स्याङ्जा जिल्ला उद्योग वाणिज्य सङ्घको सूचना प्रकाशनको बिलको प्रतिलिपि पेस भएकोले सोको सक्कल बिल | १८,००० |
| **जम्मा** | | **१,१८,५२०** |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा ५५०० वटा शैक्षिक क्यालेन्डर दाखिला प्रतिवेदन र सो वितरण भएको भरपाई कागज को रु.१४६,१८५ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,५२० |

५२ **अनुत्पादक तथा वितरणमुखी खर्च -** सार्बजनिक स्रोत साधनको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्दछ । पालिकाले समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरूको परीक्षण गर्दा देहाय बमोजिमका अनुत्पादक खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौचर नं | विवरण | रकम (रु.) |
|---|---|---|
| १६० | सरकारी तथा प्रशासनिक कामकाजका लागि पदाधिकारी तथा कर्मचारी गरी ४५ जनाको काठमाडौंसम्म Delegation खर्च | ५,३०,००० |
| ३४२ | नगरप्रमुखको सचिवालयको फेसबुक पेज बुस्ट गर्न समेतका लागि खर्च | ४५,३२३ |
| ३४३ | विभिन्न व्यक्तिहरूलाई गेम सेट वितरण | ९०,००० |
| ४०७ | इ.प्र.का चापाकोटलाई क्यारामबोर्ड प्रदान | १७,००० |
| ४३४ | विभिन्न क्लवलाई खेलाडी जर्सी वितरण | ९७,२०० |
| ५७० | विभिन्न व्यक्तिहरूलाई फुटबल जर्सी प्रदान | १,५५,६६८ |
| ४७३ | २०७९ श्रावणदेखि मंसिर सम्म मासिक रु.१५०० का दरले यातायात खर्च बापत दिने कार्यपालिकाको २०८०।०१।११ को निर्णयानुसार ५४ जना महिला स्वयं सेविकालाई १२ महिनाको यातायात खर्च | ९७२००० |

५३ **शुभकामना सन्देश तथा क्यालेण्डर छपाई -** अर्थ मन्त्रालयबाट जारी भएको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा ६(२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने तथा सूचना तथा प्रसारण विभाग बाहेक अन्य निकायले क्यालेण्डर र डायरी छपाई गर्न नपाउने व्यवस्था छ । यस स्थानीय तहले विभिन्न पत्रपत्रिका तथा भित्तेपात्रो समेतमा पालिकाको तर्फबाट नववर्ष तथा विजयादशमी एवं दीपावलीको अवसरमा शुभकामना प्रकाशित गर्नुका साथै विद्यालयहरूमा वितरण गर्नका लागि शैक्षिक क्यालेण्डर समेत प्रकाशित गरेको छ । यसको उदाहरण निम्नानुसार छ । यस्तो खर्चमा नियन्त्रण गरी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

| भौ.नं. | मिति | विषय | रकम(रु.) |
|---|---|---|---|
| ४१० | २०८०।०२।२२ | ५५०० वटा शैक्षिक क्यालेण्डर छपाई | १४६१८५ |
| ३४७ | २०८०।०१।१८ | चापाकोट स्याङ्जा पोखरा मञ्च | ५०००० |

५४ **दोहोरो सुविधा -** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई पदभार ग्रहण गरेको मितिदेखि स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको रकममा नबढ्ने गरी यस ऐनमा उल्लेख भएको सुविधा पाउने व्यवस्था छ । त्यस्तै दफा १६ मा कुनै पनि सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । यस सम्बन्धमा देखिएको ब्यहोरा यस प्रकार छ-

५४.१ उल्लिखित कानुनी व्यवस्था अनुसार नगर प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षलाई पालिकाबाट अनुगमन सुविधाबापत मासिक रूपमा क्रमशः रु.११,५००।००,रु.१२,५००।०० र रु.६,०००।०० भुक्तानी दिएकोमा योजना अनुगमन तथा निरीक्षण गरेबापत देहायबमोजिम थप रकम भुक्तान गरेकोले दोहोरो भुक्तान भएको सम्बन्धित पदाधिकारीबाट असूल गर्नुपर्ने रु.

| भौचर नं. | पदाधिकारी/सदस्य | असूल गर्नुपर्ने रकम (रु.) |
|---|---|---|
| ५६८ | नगरप्रमुख देव बहादुर खाँण | १५३०० |
| | उपप्रमुख इशा राना | १५३०० |
| | **जम्मा** | **३०,६००** |

***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० को निर्णयानुसार वडा अध्यक्ष टोपलाल न्यौपानेको रु.१५,३०० र वडा अध्यक्ष रामु कोइरालाको रु.१५,३०० को सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३०,६०० |

५४.२ उक्त ऐनमा कुनै पदाधिकारीले यातायात सुविधा बापत कुनै सवारी साधन वा इन्धन सुविधा पाएको भए यातायात सुविधा बापतको रकम नपाउने उल्लेख छ । नगरपालिकाले सवारी साधन प्रयोग गरेको उपप्रमुख ईशा रानालाई मासिक रु.१२,००० का दरले श्रावण र भाद्र महिनाको यातायात सुविधा रु.२४,०००।- भुक्तानी गरेकोले दोहोरो भएको कर कट्टी पछिको रकम असूल हुनुपर्ने रु.२३,७६०

| | |
|---|---|
| असूल गर्नुपर्ने | २३,७६० |

५५ **दरबन्दी बेगरको करार कर्मचारी -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरबन्दी भन्दा अन्य रूपमा कर्मचारीहरू राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी

गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानुन विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता तथा प्रभावकारिता कायम गर्ने मापदण्ड,२०७८ को दफा ५(२) मा सार्वजनिक निकायको स्वीकृत दरबन्दीका कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक पद र वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएका बाहेक ज्यालादारी वा करारमा कामकाजमा लगाउन नपाइने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी बेगर विभिन्न पदमा जम्मा ४१ जना कर्मचारीहरू राखी तलब भत्ता बापत रु.१,०२,१५,६६०।०० खर्च लेखेको छ । तर पालिकाले विभिन्न ११ कर्मचारी मात्र दरबन्दी बेगरको कर्मचारी रहेको, आवश्यकताको आधारमा कार्यालय सहयोगी, सवारी चालक, माली लगायत पदमा करारमा कर्मचारी राखिएको र संगठन तथा व्यवस्थापन सर्भेक्षणको काम भईरहेकोले स्वीकृत भए पश्चात सोही अनुसार गर्ने जनाएको छ । दरबन्दी बेगर कर्मचारी नियुक्त गर्दा आर्थिक अनियमितता हुने, योग्यता प्रणाली कायम नहुने जोखिम रहन्छ। नियमानुसार संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी आवश्यकताको आधारमा दरबन्दी सिर्जना गरी दरबन्दी अनुसार योग्यता प्रणालीलाई अनुसरण गरी पदपूर्ति गर्नुपर्दछ। नियमविपरीत स्वीकृत दरबन्दीबिना करारमा ११ कर्मचारी नियुक्त गरी तलब भत्ता खर्च लेखेको रु. ३१,१४,८००।०० र कुल ४१ करार कर्मचारीहरूको पोशाक भत्ता रु. ४,१०,०००।०० गरी जम्मा रु. ३५,२४,८००।०० अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३५,२४,८०० |

५६ **शिक्षक विद्यार्थी अनुपात** -स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था निम्नानुसार छ ।

१. स्थानीय तह मातहतमा रहेक ४५ विद्यालयमा ३०१ शिक्षक दरबन्दी रहेकोमा ३०१ नै पदपूर्ति भएको र पदपूर्ति मध्ये १०० करारमा देखिन्छ । दरबन्दी अनुसारको स्थायी शिक्षक पदपूर्ति हुनुपर्दछ।
२. विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ।

५७ **छात्रवृत्ति -**

५७.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि छात्रवृत्ति अनुदान ईमिस डाटा अनुसार स्वीकृत दररेट बमोजिम उपलब्ध गराएकोमा लेखापरीक्षणको क्रममा श्रेस्ताको नमुना परीक्षण गर्दा पालिकाले ईमिस डाटा भन्दा बढी संख्यामा छात्रवृत्ति अनुदान रकम निकासा गरेको पाईएकोले उक्त बढी रकम सम्बन्धित विद्यालयबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | ईमिस अनुसार विद्यार्थी संख्या | निकासा विद्यार्थी संख्या | दर | बढी रकम |
|---|---|---|---|---|
| जनजागृति मा. वि. २ चापाकोट | ३७ | ४७ | ४०० | ४,००० |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ४,००० |

५७.२ पालिकाले सामुदायिक विद्यालयका लागि भौचर नं. ११८ बाट छात्रवृत्ति बापत कुल रु. ६,९६,५००।०० निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म सम्बन्धित विद्यार्थीहरूले छात्रवृत्ति बुझेको भरपाई प्राप्त नभएकोले पालिकाले सम्बन्धित विद्यालयबाट भरपाई प्राप्त गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९६,५०० |

५८ **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ अनुसार पालिकाले सामुदायिक विद्यालयलाई दिवा खाजा बापत रकम उपलब्ध गराउंदा दिवा खाजा प्राप्त गर्ने विद्यार्थी संख्या र विद्यार्थीको हाजिरी प्रमाणितका आधारमा गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी हरूका लागि दिवा खाजा स्वीकृत दररेट बमोजिम कुल रु. ६९,५७,२२५।०० उपलब्ध गराएकोमा उक्त रकम उपलब्ध गराउँदा पालिकाले विद्यार्थीहरूको हाजिरि प्रमाणित गरेको प्रमाण नराखि निकासा गरेकोले वास्तविक खर्चबारे एकीन हुन सकेन। विद्यार्थी संख्या र उपस्थितिको एकीन हुने गरि हाजिरी प्रमाणित भई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६९,५७,२२५ |

५९ **पाठ्यपुस्तक** -पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार सार्वजनिक विद्यालयहरूका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान बापत रु. २८,१८ ,७११।०० उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म सम्बन्धित विद्यार्थीहरूले उक्त पुस्तक बुझेको भरपाई प्राप्त नभएको हुँदा वास्तविक खर्च बारे एकिन हुन सकेन। पालिकाले सम्बन्धित विद्यालयबाट भरपाई प्राप्त गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,१८,७११ |

६० **अतिरिक्त भत्ता -**

***✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा रु.१,३०,००० सम्परीक्षण गरिएको।)***

६१ **नमुना विद्यालय -** कार्यक्रम कार्यान्वयन पुस्तिकाको उपक्रियाकलाप नम्वर ९.१२ अनुसार पालिकाले गंगालाल मा. वि. ९ चापाकोटलाई नमुना विद्यालय बापत रु. ३०,००,०००।०० निकासा गरेको छ। गंगालाल मा. वि. ले आफ्नो प्राङ्गणमा फुलबारी निर्माण गरेको उल्लेख गरी रु. ५,१५,९०३।०० खर्च लेखेको छ। उक्त फुलबारी निर्माण गर्दा विद्यालयले विलमा रामु भट्टराईबाट प्रति ईट्टा रु. ८ का

दरले कुल १८,००० वटा ईट्टा खरिद गरी भुक्तानी गरेको देखिन्छ। आपूर्तिले १०,००० वटा ईट्टाको मात्र भुक्तानी वुझेको भरपाई पेश गरेको देखिएकोले वांकी ८,००० ईट्टाको विद्यालयलाई बढी भुक्तानी भएको देखियो। वढि निकासा भएको उक्त रकम सम्बन्धित विद्यालयबाट असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असूल गर्नुपर्ने | ६४,००० |

६२ **थप ग्रेड भुक्तानी -** शिक्षा सेवा ऐन, २०२८ बमोजिम स्थानीय तह अन्तर्गतका शिक्षकहरूको वार्षिक तलबी प्रतिबेदन शिक्षक किताब खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा तलवी प्रतिवेदन भिडान गर्दा निम्न शिक्षकहरूलाई पाउनुपर्ने ग्रेड भन्दा बढी ग्रेड भुक्तानी भएकोले बढी भुक्तानी भएको ग्रेड सम्वान्धित शिक्षकबाट असूल गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| नाम | विद्यालय | हुनुपर्ने ग्रेड दर | निकासा ग्रेड दर | बढी भुक्तानी जम्मा रकम |
|---|---|---|---|---|
| जगन्नाथ न्यौपाने | भानु. मा. वि. चापाकोट १ | १०,१९२ | ११,६४८ | १८,९२८ |
| राजेन्द्र पाठक | आदर्श मा. वि. चापाकोट ७ | ८१०६ | ९२६४ | १५,०५४ |
| **जम्मा** | | | | **३३,९८२।००** |

| | |
|---|---|
| असूल गर्नुपर्ने | ३३,९८२ |

६३ **स्यानिटरी प्याड -**

६३.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार सामुदायिक विद्यालयका छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि पालिकाले रु १३,४१,०००।०० विनियोजन गरेको छ। स्यानिटरी प्याड भेन्डिङ मेसिन ८ वटा रु. १५,०००।०० का दरले र डिस्पोजल मेसिन ८ वटा रु. २५,०००।०० का दरले खरिद गरी विद्यालयलाई हस्तान्तरण गरेकोमा उक्त मेसिनको प्रयोग र व्यवस्थापन सम्बन्धमा सम्बन्धितबाट अनुगमन नभएकोले उचित उपयोग बारे एकीन हुन सकिएन। तत् सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने (भ्याट सहित) रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३५,६०० |

६३.२ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० को निर्णयानुसार रु.९८३,००० को सम्परीक्षण गरिएको ।)*

६४ **विद्यालयमा शैक्षिक गुणस्तर सुदढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान -** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत र कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.

२.७.१३.१३ मा स्थानीय तहले सामुदायिक विद्यालयलाई पुस्तकालय स्थापना तथा व्यवस्थापन र आई.सि.टि.का लागि प्रति विद्यालय वार्षिक रु. ६ लाख ५० हजारका दरले उपलब्ध गराउने व्यवस्था अनुसार स्थानीय तहले विभिन्न ६ वटा विद्यालयलाई रु. ६ लाख ५० हजारका दरले उक्त अनुदान निकासा उपलब्ध गराएकोमा निम्न विद्यालयहरूको तत् सम्बन्धी सम्बन्धितबाट हालसम्म अनगमन प्रतिवेदन पेश नगरेको देखिएकोले अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु.

| भौचर नं. | विद्यालय | विवरण | अनुदान रकम |
|---|---|---|---|
| १५ | वैडी मा. वि. ९, चापाकोट नगरपालिका | विज्ञान प्रयोगशाला | ६,५०,००० |
| जम्मा | | | ६,५०,०००।०० |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-१० मा जनज्योति मा. वि. १०, चापाकोट नगरपालिका को रु.६५०,०००,जनसामुहिक आधारभूत विद्यालय १०, चापाकोट नगरपालिका को रु.६५०,०००, दिनदयालु आधारभूत विद्यालय ५, चापाकोट नगरपालिका को रु.६५०,००० र खड्गकाली मा. वि. ४, चापाकोट नगरपालिका को रु.६५०,००० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक वर्षः** २०७९/८०

**कार्यालय र स्थान :** चापकोट नगरपालिका, स्याङ्जा ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दामोदर शर्मा | २०७८-११-३० | २०७९-४-३१ |
| कार्यालय प्रमुख | विन्दु कोइराला | २०७९-५-१ | २०७९-११-२ |
| कार्यालय प्रमुख | ध्रुव खनाल | २०७९-११-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिष्णु प्रसाद रेग्मी | २०७९-१-८ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,३८३,२०४ | ३,५२४,८०० | १५,५२३,२४१ | ० | ० | १,११५,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २१,५४६,२४५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४,११६,१४९ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १७,४३०,०९६ |

आर्थिक कारोबारको स्थिति :

| | | | |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | | ५४५११०१७ | |
| आम्दानी | | खर्च | |
| सङ्घीय सरकारबाट अनुदान | ४६१९६४२३२ | चालु खर्च | ४०७४९३३६५.४ |
| प्रदेश सरकारबाट अनुदान | १९३६५९९६ | पुँजीगत खर्च | १८८९७४४३३.०५ |
| राजश्व बाँडफाँट | ८६७१३९४९.९४ | वित्तीय/अन्य व्यवस्था | १५८९६४१०० |
| आन्तरिक आय | १३७८४८३३.५२ | | |
| अन्य आय | १६५६१६९४३.७ | | |
| कुल आय | ७४७४४५९५५.१६ | कुल खर्च | ७५५४३१८९८.४५ |
| बाँकी मौज्दात | | ४६५२५०७३.७१ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२

| क.सं. | आय तर्फ | | | क.सं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५४५११०१७ | १ | चालु खर्च (साट्न बाकी चेक घटाएर) | ४०७४९३३६५.४ | ४०७४९३३६५.४ |
| | क) नगद | ० | | २ | पुँजीगत खर्च (साट्न बाकी चेक घटाएर) | १८८९७४४३७ | १८८९७४४३७ |
| | ख) बैङ्क | ५४५११०१७ | | | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | ९९७९३८ | ९९७९३८ |
| २ | राजस्व (आन्तरिक आय) | | १००४९८७८३.५ | | सामाजिक सुरक्षा | १५४९४२६०९ | १५४९४२६०९ |
| | क) आन्तरिक राजस्व | १३७८४८३३.५२ | | | गरिवसँग विश्वेश्वर | ० | |
| | ख) सङ्घीय राजस्व बाँडफाँट | ७३८७४४६८.९४ | | | पर्यटन पुर्वाधार विकास आयोजना | ० | |
| | ग) प्रदेश राजश्व वाँडफाँड | १२८३९४८१ | | | स्वच्छ वातावरण कार्यक्रम | ० | |
| | घ) मालपोत रजिष्ट्रेशन शुल्क | | | ३ | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(सङ्घतर्फ अनुदान) | ० | |
| | ङ) दहत्तरबहत्तर वाँडफाँडबाट प्राप्त | | ० | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | ४६१९६४२३२ | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १०६७४५००० | | | | | |
| | ख) सशर्त अनुदान | ३३३२९८००० | | ४ | वित्तीय व्यवस्था भुक्तानी | ० | |
| | ग) समपूरक अनुदान | ८९६२६५४ | | | क) ऋण भुक्तानी | ० | |
| | घ) विशेष अनुदान | १२९५८५७८ | | | ख) ब्याज भुक्तानी | ० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९३६६००० | | ग) अन्य भुक्तानी | ० | |
| | क)वित्तीय समानीकरण अनुदान | ११४७३००० | | ५ | लगानी | ० | |
| | ख) सशर्त अनुदान | ० | | | ऋण लगानी | ० | |
| | ग) समपूरक अनुदान | ४३६०००० | | | शेयर लगानी | ० | |
| | घ) विशेष अनुदान | ३५३३००० | | | अन्य लगानी | ० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ० | ६ | धरौटी फिर्ता (साट्न बाकी चेक घटाएर) | ५८२९३४ | ५८२९३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | | |
| | क) ऋण प्राप्ति | | | | विभिन्न कोषतर्फको खर्च | | २४४०६१९ |
| | ख) साँवा प्राप्ति | | | | विभाज्य कोष खाता | ० | |
| | ग) ब्याज प्राप्ति | | | ७ | बिबिध कोष खाता | ० | |
| ७ | विभिन्न कोषतर्फको आय | | ४९२४९१०.११ | | कर्मचारी कल्याण कोष | ० | |
| | विभाज्य कोष खाता | १४१६७१९.११ | | | लैंगिक हिंशा | ० | |
| | बिबिध कोष खाताः | ४२८८१ | | | पी.सि.आर.ल्याव | ० | |
| | कर्मचारी कल्याण कोष | ० | | | साझेदारी विकास कोष | ० | |
| | लैंगिक हिंशा | ० | | | मर्मत सम्भार कोष | ० | |
| | पी.सि.आर.ल्याव | ० | | | वेदव्यास शिवपान्चायन १०८ फिट | ० | |
| | साझेदारी विकास कोष | ० | | | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ० | |
| | मर्मत सम्भार कोष | ० | | | विविध खर्च खाता (साट्न बाकी चेक घटाएर) | २४४०६१९ | |
| | वेदव्यास शिवपान्चायन १०८ फिट | ० | | | विपद व्यवस्थापन/कोष | ० | |
| | प्रकोप व्यवस्थापन तथा अन्य कोष | ५४८७४४ | | | | | |
| | आकस्मिक कोष खाता | ० | | ८ | मौज्दात | | ४६५२५०७३.७१ |
| | विविध खर्च खाता | २९१६५६६ | | | क) नगद मौज्दात | ० | |
| ८ | विषयगत (भुक्तानी आदेश वनाइ खर्च गर्ने) तर्फः | ९९७९३८ | १५५९४०५४७ | | ख) चालु खर्च खाता (०) | ० | |
| | सामाजिक सुरक्षा | १५४९४२६०९ | | | ग) पुजीगत खर्च खाता () | ० | |
| | गरिवसँग विश्वेश्वर | ० | | | घ) बैङ्क मौज्दात (सञ्चित कोष खाता) | ३९८७२२३०.०५ | |
| | पर्यटन पुर्वाधार विकास आयोजना | ० | | | ङ) आकस्मिक कोष खाता | ० | |
| | स्वच्छ वातावरण कार्यक्रम | ० | | | च) बैंक मौज्दात (धरौटी कोष खाता) | ४१६८५५२.५५ | |
| | प्रदेस तथा स्थानीय शासन सहयोग कार्यक्रम(सङ्कतर्फ अनुदान) | ० | | | छ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ५४८७४४ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | लागत सहभागिता | ० | | | ज) विविध खर्च | ४७५९४७ | |
| १० | धरौटी आय | ४७५१४८६.५५ | ४७५१४८६.५५ | | झ) विविध कोष खाता | ४२८८१ | |
| ११ | लगानीको साँवा फिर्ता | ० | | | ञ) विभाज्य कोष खाता | १४१६७१९.११ | |
| १२ | अन्य विविध आय | ० | | | | | |
| | **जम्मा** | | **८०१९५६९७६.१** | | **जम्मा** | | **८०१९५६९७६.१** |

## बेरूजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -३

| क्र.सं. | नाम थर | पद | दर्जा | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | वढि भुक्तानी | साउन देखि माघ | फागुन देखिअसार | जम्मा दिन | बढी भुक्तानी भएको असूल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | करुणा आचार्य | हे.अ. | पाचौ | १४५६ | ११५८ | २९८ | २३ | ० | २३ | ६८५४ |
| २ | सुमन चापागाई | हे.अ. | पाचौ | १४५६ | ११५८ | २९८ | ३६ | १८ | ५४ | १६०९२ |
| ३ | नितु चौधरी | अ.न.मि | चौथो | १४५६ | १०९७ | ३५९ | १७ | १२ | २९ | १०४११ |
| ४ | ईशारा खाँण | स्टाफ नर्स | पाचौ | १४५६ | ११५८ | २९८ | १७ | १० | २७ | ८०४६ |
| ५ | क्रिस्टिना गिरी | स्टाफ नर्स | पाचौ | १४५६ | ११५८ | २९८ | १४ | ० | १४ | ४१७२ |
| जम्मा | | | | | | | | | | ४५५७५ |